## प्रश्न नं. ६३

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ७५६४ देखि ७६८५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

टिकाराम तामाङको जाहेरीले नेपाल सरकार

बिरुद्ध

संखुवासभा, बाना गाउँपालिका वडा नं. ४ बस्ने पुष्पबहादुर कार्की

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।०८।०६ गते मेरो भाइ धनबहादुर तामाङ् वाना बिहीबारे बजार गएकोमा वेलुकासम्म घर नआएको र मेरो जेठो दाजु आज बिहान ४.३० बजेतिर खेतमा पानी लगाउन भनी गैरीधाराको बाटो हुँदै जाँदा वाना ४ स्थित धारा (राइधार) आहाल मूलबाटोमा भाइलाई मृत अवस्थामा देखी घरमा फर्की के कसरी निजको मृत्यु भएको हो भनी बुझ्दा हिजो जीवनप्रसाद तामाङ्को घरमा पुगी गाउँका ५।६ जना साथी मिली तास खेल्दा पुष्पबहादुर कार्की र मेरो भाइ विचमा विवाद भई संगै त्यहाबाट घर जान हिडेको तर घरमा दुवै जना घरमा नआएको हुँदा निज पुष्पबहादुर कार्कीले मारेको यकीन हुन आएको हुँदा निज प्रतिवादीलाई हदैसम्म कारवाही गरी सजाय दिलाइपाउँ भन्न व्यहोराको टीकाराम तामाङ्को जाहेरी दरखास्त ।

२. उक्त लास रहेको स्थानदेखि १० मीटर तल अलैची बारीमा २१ इञ्च लम्बाई, ८ इञ्च गोलाई भएको चिलाउने काठको दाउरा रहेको, सो डालो दाउरामा रगत लागी सुकेको, सो लासको केशमा रगतले भिजी सुकेको, बायाँ निधारमा २ इञ्च गोलाई, १ इञ्च गहिराइको चोट रहेको, बायाँ साइड चल्नीदेखि पछाडि टाउकोमा ६ इञ्च गोलाई, ४ गहिराईको चोट रहेको, सो चोटबाट सेतो गिदी जस्तो निस्किएको देखिएको, सो लासको हात, नाइटो तथा खाली शरीरमा टेकी माटो लागेको, सो लास नजिक पहेलो छालाको पर्स रहेको र उल्लिखित लाठी दाउरासमेत प्रहरीले बरामद गरी लगेको भन्नेसमेत व्यहोराको लासजाँच प्रकृति मुचुल्का
३. जीतमाया तामाङ्समेतका मानिसहरूले संयुक्त रूपमा गरिदिएको मौकाको कागज ।
४. "Death is due to Internal Cerebral Injury" भन्नेसमेत व्यहोराको मृतक धनबहादुर तामाङ्को शव परीक्षण प्रतिवेदन ।
५. हटियाबाट घर फर्किदा जीवनप्रसाद तामाङ्गोको घरमा लिम्बुसमेतका मानिसहरू र मृतक धनबहादुर तामाङ्समेत भेला जम्मा भई खेल्न बसी खेल्दै गर्दा रातीको १२ बजेको समयमा सबैजना घर गए मृतक धनबहादुर तामाङ्ले र म मात्रै ठूलो खेलौं भनी मलाई भनेकोले मलाई रिस उठी तँसँग मात्र पैसा छ भनी केही छिन वादविवाद गरे । मृतक र म मात्रै खेल्दै गर्दा सो राति त्यस्तै १ बजेपछि म अब खेल्दिन भन्दा निज मृतकले तँ सँग पैसा भए पो खेल्छस् भनी हेपेर बोलेकोले बाहिर निस्किएर । मृतक बाहिर आउनसाथ सो दाउराले टाउकोमा दुईपटक हिर्काई मारी भागेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी पुष्पबहादुर कार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।
५. लक्ष्मी तामाङ्समेतको मौकामा गरेको कागज ।
६. प्रतिवादी पुष्पबहादुर कार्कीले बरामद भई आएको दाउराले धनबहादुर तामाङ्गो सम्वेदनशील अङ्ग टाउकोमा प्रहार गरी कर्तव्य गरी मारी निज प्रतिवादीलाई मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ विपरीत १७९ नं. अनुसारको कसूर अपराधमा ऐ.महलको १७९नं. बमोजिम सजाय हदैसम्मको सजाय होस भन्ने व्यहोराको अभियोग पत्र ।
७. प्रतिवादीको शुरू अदालतमा गरेको इन्कारी बयान ।

**प्रश्न नं. ६३**

८. जाहेरवाला, मौकामा कागज गर्ने तथा प्रतिवादीका साक्षी समेतले शुरू अदालतमा गरेको बकपत्र ।

९. संखुवासभा जिल्ला अदालतले गरेको फैसला